# पूर्वखोला गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड :९ पूर्वखोला २०८२/०७/२३ संख्याः२

### पूर्वखोला गाउँपालिका कृषि तथा पशुपन्छी फर्म दर्ता कार्यविधि, २०८२

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०७/२३

**पृष्ठभूमिः**

कृषि तथा पशु पन्छी क्षेत्रको उत्पादनलाई परम्परागत तथा निर्भाहमुखी अवस्थाबाट दिन प्रतिदिन आधुनिक तवरले व्यवसायीकरण गरेर प्रतिस्पर्धी रुपमा सक्षम बनाउन आवश्यक छ। यसका लागि पशुपन्छी तथा कृषिजन्य उत्पादन, प्रशोधन तथा बजारीकरण गरि कृषकलाई थप बढी प्रतिस्पर्धी तथा उत्पादन मुखी बनाउनको लागि प्रदान गरिने थप सहयोग तथा कार्यक्रमलाई अझ बढी प्रभावकारी एवं पारदर्शी रुपमा लक्षित् वर्गसम्म पुर्याउन र कृषि/पशु व्यवसायलाई आर्थिक उपार्जन स्वोरोजगार प्रवर्धन एवं गरिवी न्युनिकरणको माध्यमबाट राष्ट्रिय अर्थ व्यवस्थामा ठोस योगदान पुर्याउन साथै बढ्दो बैदेशिक पलायन दरलाई निरुत्साहित गरि यस गाउँपालिकामा कृषि तथा पशुपालन व्यवसायको माध्यमबाट गाउँपलिकलाई आवश्यक पशु तथा कृषिजन्य मागलाई पूर्ति गरि बढी भएको उत्पादन गाउँपालिका बाहिर निर्यात गरि कृषि तथा पशुपालन व्यवसायबाट कृषकको जीवनस्तर उकास्नुको साथै यस गाउँपालिकाको विभिन्न नीति तथा कार्यक्रमलाई सहज, सरल, पारदर्शी र प्रभावकारी रुपमा संचालन गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(२) को (ण) र (द) को अधिकार क्षेत्र अन्तर्गत सोही ऐनको दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरि पूर्वखोला गाउँ कार्यपालिकाले यो कार्यविधि तर्जुमा गरि लागु गरेको छ।

परिच्छेद १

प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम "कृषि तथा पशुपन्छी फर्म दर्ता कार्यविधि, २०८२" रहेको छ।

ख) यो कार्यविधि पूर्वखोला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बाट स्वीकृत भएको मिति बाट लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "गाउँपालिका" भन्नाले पूर्वखोला गाउँपालिका सम्झनु पर्दछ।

ख) "कार्यालय" भन्नाले पूर्वखोला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

ग) "कृषि समिति" भन्नाले पूर्वखोला गाउँपालिकाको कृषि समिति सम्झनु पर्दछ।

घ) "शाखा" भन्नाले पूर्वखोला गाउँपालिका कृषि तथा पशु सेवा शाखा सम्झनु पर्दछ।

ङ) "निजि फर्म" भन्नाले एकल वा साझेदारी स्वामित्वमा रही यस शाखामा दर्ता भएको फर्म सम्झनु पर्दछ।

च) "कार्यविधि भन्नाले" कृषि तथा पशुपन्छी फर्म दर्ता कार्यविधि, २०८२ सम्झनु पर्दछ।

**३. उद्देश्यहरुः**

क) कृषि तथा पशु सेवा शाखामा कार्यक्रम संचालनमा सहयोग पुर्याउने।

ख) गाउँपालिका सँभाबाट विनियोजित रकमलाई पारदर्शी बनाई संचालन गर्न सहयोग पुग्ने।

ग) सम्भाव्यता हेरी कार्यक्रम प्रसारमा सहयोग पुर्याउने।

घ) गाउँपालिकालाई तरकारी, दुध, मासु, अण्डा र माछामा आत्म निर्भर बनाई निर्यात गर्न सहयोग गर्ने।

ङ) कृषि/पशु व्यवसायको उद्धमशिलता प्रवर्धन एवं व्यवसायीकरण गर्नको लागि आवश्यक प्रविधि तथा सीपलाई लक्षित वर्गसम्म पुर्याउन सहयोग स्वोरुप अनुदान प्रदान गर्ने।

च) कृषि/पशु व्यवसायबाट उत्पादित पदार्थहरुको गुणस्तर सुधार गर्ने र उत्पादन लागत न्यूनीकरण गर्ने।

छ) कृषि/पशु व्यवसायलाई प्रभावकारी तरिकाले संचालन गर्नको लागि विभिन्न प्रकारका बीउ रासायनिक मल, कृषि औजार तथा विभिन्न प्रकारका तालिमहरु समय समयमा संचालन गर्ने।

परिच्छेद २

४. **कृषि तर्फको फर्म दर्ता प्रक्रियाः** यस गाउँपालिका भित्र कृषि पेशा गर्दै आइरहेका अगुवा कृषकले आफ्नो फर्म गाउँपालिकामा दर्ता गर्न चाहेमा वडाका कृषि प्राविधिक वा कृषि शाखाबाट फिल्ड अवलोकन गरि फर्म दर्ता गर्न उपयुक्त देखिएमा कृषि शाखामा फर्म दर्ता गरिनेछ।

५. कृषि फर्म दर्ताको न्युनतम मापदण्डः

१. प्लाष्टिक टनेल खेतीः

पूर्वखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पूर्वखोला, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
स्था: २०७३

प्लाष्टिक टनेल कम्तिमा ५/१० मिटरको ५ वटा टनेल निर्माण गरि तरकारी उत्पादन गरेको हुनु पर्नेछ।

२. खुल्ला तरकारी खेती:

यस तरिकावाट तरकारी खेती गर्दा कम्तिमा २ रोपनी भन्दा बढीमा व्यवसायिक रुपमा तरकारी बाह्रै महिना उत्पादन गरेको हुनुपर्नेछ।

३. फलफूल खेती:

फलफूल खेतीहरु जस्तैः सुन्तलाजात फलफूल, आँप, लिची, केरा, मेवा आदिको हकमा व्यवसायिक रुपमा ३ रोपनी भन्दा वढीमा फलफूल खेती गरिएको हुनुपर्नेछ।

४. च्याउ खेती:

च्याउ खेती व्यवसायिक रुपमा करिब २ वटा डुम हाउस (५/१०) मिटर निर्माण गरि खेती गरेको हुनुपर्नेछ।

५. मौरी पालनः

मौरी पालनको हकमा आधुनिक घार १५ वटा भन्दा बढी पालन गरेको हुनुपर्नेछ।

६. चिया तथा कफी खेती:

चिया तथा कफी खेती गर्दा कम्तिमा २ रोपनी जग्गामा व्यवसायिक रुपमा खेति गरेको हुनुपर्नेछ।

७. कृषि बाली खेती:

कृषि बाली बस्तु जस्तै खाधान्न, दलहन, तेलहन, मसला बाली आदिको हकमा व्यवसायिक रुपमा १५ रोपनी भन्दा बढी जग्गामा खेती गरेको हुनुपर्नेछ।

८. तरकारी तथा फलफूल नर्सरी खेती:

तरकारी तथा फलफूल नर्सरीको हकमा कम्तिमा २ रोपनी क्षेत्रफलमा नर्सरी स्थापना गर्नुपर्नेछ।

९. अन्य बाली बस्तु:

कृषकले उपदफा १ देखि ८ भन्दा बाहेक अन्य कुनै बाली बस्तु उत्पादन गर्न चाहेमा कृषि प्राविधिक तथा वडा कार्यलयको सिफारिसको आधारमा गर्नुपर्नेछ।

**६. फर्म दर्ताको लागि आवश्यक प्रक्रियाः**

१. अनुसूची १ अनुसारको निवेदन
२. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
३. २ प्रति पासपोर्ट साइजको फोटो
४. चार किल्ला प्रमाणित सर्जमिन मुचुल्का
५. जग्गा भाडामा भए सो को सम्झौता पत्र
६. व्यक्तिगत वा संगालोमा भए स्वघोषणा/मन्जुरीनामा
७. राजश्व खातामा राजस्व बुझाएको रसिद

नून बहादुर थापा
अध्यक्ष

८. सम्बन्धित वडा कार्यालयको सिफारिस

९. न्युनतम मापदण्ड अनुसार व्यवसाय सुरु गरिसकेको वा व्यवसाय नविकरणको हकमा वडाको कृषि प्राविधिकको स्थलगत अनुगमनको प्रतिवेदन

परिच्छेद ३

**७. पेशुपन्छी फर्म दर्ताको मापदण्डः**

१. व्यवसायिक गाई/भैंसी फर्मको वर्गीकरणः

यस फर्मलाई ३ वर्गमा विभाजन गरिएको छ।

क) साना व्यवसायिक गाई/भैंसी फर्मः

५-१० वटा गाई/भैंसी पालन गरि दुध उत्पादन व्यवसाय सुरु गरेको फर्मलाई मानिने छ।

ख) मझौला व्यवसायिक गाई/भैंसी फर्म :

११-२० वटा गाई/भैंसी पालन गरि दुध उत्पादन व्यवसाय सुरु गरेको फर्मलाई मानिने छ।

ग) ठुला व्यवसायिक गाई/भैंसी फर्मः

२१ वटा भन्दा बढी गाई/भैंसी पालन गरि दुध उत्पादन व्यवसाय सुरु गरेको फर्मलाई मानिने छ। गोठको न्युनतम मापदण्ड कम्तिमा पनि लम्बाई २० फुट र चौडाई ९ फुट हुनु पर्ने छ।

२. व्यवसायिक बाखा फर्मको वर्गीकरणः

यस फर्मलाई ३ वर्गमा विभाजन गरिएको छ।

क) साना व्यवसायिक बाखा फर्मः

२०-३० वटा माउ बाखा पालन गरि व्यवसाय सुरु गरेको फर्मलाई मानिने छ।

ख) मझौला व्यवसायिक बाखा फर्म :

३१-५० वटा माउ बाखा पालन गरि व्यवसाय सुरु गरेको फर्मलाई मानिने छ।

ग) ठुला व्यवसायिक बाखा फर्मः

५१ वटा भन्दा बढी माउ बाखा पालन गरि व्यवसाय सुरु गरेको फर्मलाई मानिने छ। बाखाको फर्मको लागि खोर कम्तिमा ३० फुट लम्बाई र १० फुट चौडाई हुनुपर्ने छ।

३. व्यवसायिक बंगुर फर्मको वर्गीकरणः

यस फर्मलाई ३ वर्गमा विभाजन गरिएको छ।

क) साना व्यवसायिक बंगुर फर्मः

पाठापाठी उत्पादनको लागि भए ५-१० वटा माउ बंगुर र मासुका लागि भए १०-१५ वटा बंगुर पालन गरि व्यवसाय सुरु गरेको फर्मलाई मानिने छ।

ख) मझौला व्यवसायिक बंगुर फर्म :

पूर्वखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पूर्वखोला, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

पाठापाठी उत्पादनको लागि भए ११-२० वटा माउ बंगुर र मासुका लागि भए १६-२५ वटा बंगुर पालन गरि व्यवसाय सुरु गरेको फर्मलाई मानिने छ।

ग) ठुला व्यवसायिक बंगुर फर्म:

पाठापाठी उत्पादनको लागि भए २१ वटा भन्दा बढी माउ बंगुर र मासुका लागि भए २६ वटा भन्दा बढी बंगुर पालन गरि व्यवसाय सुरु गरेको फर्मलाई मानिने छ। बंगुर फर्मको लागि खोर कम्तिमा पनि ३५ फुट लम्बाई ९ फुट चौडाई हुनुपर्ने छ।

४. व्यवसायिक कुखुरा फर्मको वर्गीकरण:

यस फर्मलाई ३ वर्गमा विभाजन गरिएको छ।

क) साना व्यवसायिक कुखुरा फर्म:

२००-१००० वटा लेयर्स, ब्रोइलर वा ५०-१०० स्थानीय जातको कुखुरा, टर्की, हाँस, बट्टाई पालन गरि व्यवसाय सुरु गरेको फर्मलाई मानिने छ।

ख) मझौला व्यवसायिक कुखुरा फर्म :

१०००-३००० वटा लेयर्स, ब्रोइलर वा १००-५०० स्थानीय जातको कुखुरा, टर्की, हाँस, बट्टाई पालन गरि व्यवसाय सुरु गरेको फर्मलाई मानिने छ।

ग) ठुला व्यवसायिक कुखुरा फर्म:

३००० वटा देखि माथि लेयर्स, ब्रोइलर वा ५०० देखि माथि स्थानीय जातको कुखुरा, टर्की, हाँस, बट्टाई पालन गरि व्यवसाय सुरु गरेको फर्मलाई मानिने छ। कुखुरा फार्मका लागि कम्तिमा ३० फुट लम्बाई १२ फुट चौडाई हुनुपर्ने छ।

५. माछा पालन फर्म:

यस फर्मलाई ३ वर्गमा विभाजन गरिएको छ।

क) साना व्यवसायिक माछा फर्म:

कम्तिमा ३ कठ्ठा देखि १० कठ्ठा सम्म पोखरी निर्माण गरि व्यवसायिक रुपमा माछा पालन व्यवसाय गरेको हुनुपर्नेछ।

ख) मझौला व्यवसायिक माछा फर्म :

कम्तिमा ११ कठ्ठा देखि ३० कठ्ठा सम्म पोखरी निर्माण गरि व्यवसायिक रुपमा माछा पालन व्यवसाय गरेको हुनुपर्नेछ।

ग) ठुला व्यवसायिक माछा फर्म:

कम्तिमा ३१ कठ्ठा भन्दा बढी जग्गामा पोखरी निर्माण गरि व्यवसायिक रुपमा माछा पालन व्यवसाय गरेको हुनुपर्नेछ।

६. मिश्रित फर्म:

माथिका न्युनतम परिधि पुरा गरेर एक भन्दा बढी किसिमका पशुपन्छी, तरकरी, फलफूल, च्याउ, माछा एउटै व्यक्तिले व्यवसायिक तवरले पालन/खेती गरिएको हुनुपर्नेछ।

७. मासु पसल: दैनिक२० के.जी. भन्दा बढी मासु बिक्रि गर्ने मासु पसललाई दर्ता प्रक्रियामा लगिनेछ।

भुल बहादुर थापा
अध्यक्ष

८. डेरी पसलः दैनिक२० लिटर भन्दा बढी दुध बिक्रि गर्ने डेरी पसललाई दर्ता प्रक्रियामा लगिनेछ।

९. एग्रोभेट पसलः प्रमाणपत्र सहित खोलिएका एग्रोभेटहरुलाई आवश्यकता अनुसार शाखामा दर्ता गरिनेछ।

८. पशु तर्फको फर्म दर्ता प्रक्रियाः

१. अनुसूची १ अनुसारको निवेदन

२. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि

३. २ प्रति पासपोर्ट साइजको फोटो

४. चार किल्ला प्रमाणित सर्जमिन मुचुल्का

५. जग्गा भाडामा भए सो को सम्झौता पत्र

६. व्यक्तिगत वा संगालोमा भए स्वघोषणा/मन्जुरीनामा

७. राजश्व खातामा राजस्व बुझाएको रसिद

८. सम्बन्धित वडा कार्यालयको सिफारिस

९. न्युनतम मापदण्ड अनुसार व्यवसाय सुरु गरिसकेको वा व्यवसाय नविकरणको हकमा वडाको पशु सेवा/पशु स्वास्थ्य प्राविधिकको स्थलगत अनुगमनको प्रतिवेदन

## परिच्छेद ४
## नवीकरण तथा खारेजी प्रक्रिया

- ✓ नयाँ व्यवसाय सुरु गर्ने कृषकलाई फर्म दर्ता प्रक्रियामा लगिनेछ तर निजको प्रतिवद्धता अनुसार व्यवसाय दुरू गरेको हुनु पर्नेछ। यदि निर्धारित समयभित्र पनि व्यवसाय सुरु नगरेको खण्डमा पूर्वखोला गाउँपालिकाको निर्णय अनुसार फर्म खारेज वा कारवाही प्रक्रियामा लगिनेछ।
- ✓ दर्ता भएको फर्म कृषि तथा पशु विकास शाखाले आधिकारिक प्रमाण पत्र उपलब्ध गराउने छ।

९. नवीकरणः

१. फर्मको नवीकरण गाउँपालिकाको कार्यालयले गर्नेछ।

२. उपदफा (१) बमोजिम नवीकरण गर्न सम्बन्धित फर्मले देहायको विवरण पेश गर्नुपर्नेछ।

क) फर्म दर्ताको प्रमाण पत्र

ख) वार्षिक प्रतिवेदन

ग) कर चुक्ता प्रमाण पत्र

घ) स्थायी लेखा नम्बरको प्रमाण पत्रको प्रतिलिपि

३. दर्ता भएको फर्म प्रत्येक वर्ष नयाँ आ.व. सुरु भएपछी नवीकरण गर्नुपर्नेछ।

४. यस कार्यविधि सुरु हुनु भन्दा अगाडी दर्ता भएको १ वर्ष अवधि पुरा भएको फर्म पनि नियमानुसार प्रत्येक वर्ष नयाँ आ.व सुरु भएपछी नवीकरण गर्नुपर्नेछ।

५. दर्ता तथा नवीकरण शुल्क गाउँपालिकाको आर्थिक ऐन बमोजिम हुनेछ।

१०. **खारेजीः**

१. म्याद सकिएको लगातार ३ वर्ष सम्म नवीकरण नगराएमा फर्मको दर्ता स्वतः खारेज भएको मानिनेछ।

२. फर्म दर्ताका बखत पुरा गरेको मापदण्ड नवीकरणको समयमा पुरा गरेको नदेखिएमा वा प्रतिवद्धता बमोजिम व्यवसाय सुरु गरेको नदेखिएमा सम्वन्धित वडा कार्यालयले उक्त फर्मको दर्ता खारेजीको लागि कार्यालयमा सिफारिस गर्ने।

३. उपदफा (२) बमोजिम सिफारिस प्राप्त भएमा कार्यालयले आवश्यक जाँचबुझ गरि फर्मको दर्ता खारेज गर्न सक्नेछ।

४. कार्यालयले दर्ता भएको फर्मको अनुगमन गर्न सक्नेछ। अनुगमनको समयमा फर्मले दर्ता हुन आवश्यक मापदण्ड पुरा गरेको नदेखिएमा वा प्रतिबद्धता बमोजिमको व्यवसाय सुरु गरेको नपाईएमा वा कानुन विपरित कार्य गरेको पाईएमा कार्यालयले सो फर्मको दर्ता खारेज गर्न सक्नेछ।

५. उपदफा (३) र (४) बमोजिम दर्ता खारेजीको निर्णय गर्नु पूर्व सम्वन्धित फर्मलाई सफाईको मौका दिइनेछ।

परिच्छेद ५

११. **थपघट वा हेरफेर गर्न सक्नेः**

१. यो कार्यविधिको कार्यान्यवनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन पूर्वखोला गाउँपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ।

२. यस कार्यविधिको कार्यन्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि पूर्वखोला गाउँपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ।

अनुसूची १

फार्म दर्ताको लागि निवेदनको ढाँचा

मितिः.........................

श्रीमान्, प्रमुख प्रशासकीय ज्यू,
पूर्वखोला गाउँपालिकाको कार्यालय,
पूर्वखोला, पाल्पा।

विषयः फार्म दर्ता गरि पाउ।

प्रस्तुत विषयमा, पूर्वखोला गाउँपालिका वडा नं.........मा मैले ..........रोपनीमा/वटा संख्यामा मिति..............देखि...............खेती/पालन गर्दै आइरहेको वा मिति ................भित्रमा .............रोपनीमा वा गोटा संख्यामा व्यवसायिक रुपमा ..................खेती/पालन गर्ने प्रतिबद्धता जनाउदै वार्षिक रु. ...............को कारोबार हुने गरि ...............................................नामको फार्म दर्ता गरि पाउँ भनि तपशिलमा उल्लेखित कागजातहरु संलग्न राखी फार्म दर्ताको लागि यो निवेदन पेश गरेको छु।

संलग्न कागजातहरु

१. अनुसूची १ अनुसारको निवेदन
२. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
३. २ प्रति पासपोर्ट साइजको फोटो
४. चार किल्ला प्रमाणित सर्जमिन मुचुल्का
५. जग्गा भाडामा भए सो को सम्झौता पत्र
६. व्यक्तिगत वा संगालोमा भए स्वघोषणा/मन्जुरीनामा
७. राजश्व खातामा राजस्व बुझाएको रसिद
८. सम्वन्धित वडा कार्यालयको सिफारिस
९. न्युनतम मापदण्ड अनुसार व्यवसाय सुरु गरिसकेको वा व्यवसाय नविकरणको हकमा वडाको कृषि/पशु प्राविधिकको स्थलगत अनुगमनको प्रतिवेदन

निवेदन

हस्ताक्षर

नामः

ठेगानाः

सम्पर्क नं.:

अनुसूची २

पूर्वखोला गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

रिङ्नेरह, पाल्पा

लुम्बिनी प्रदेश, नेपाल

## कृषि/पशुपन्छी फार्म दर्ता प्रमाण पत्र

दर्ता नं.:

दर्ता मितिः

यस पूर्वखोला गाउँपलिकाको वडा नं. ............ बस्ने श्री .....................ले व्यवसायिक रुपमा ........................... गर्दै आउनुभएकोले तपाइको ............................................ यस कार्यालयको अभिलेखमा दर्ता गरि यो प्रमाण पत्र प्रदान गरिएको छ।

व्यवसाय/फार्मको नामः

व्यवसाय/फार्मको पूँजीः

व्यवसाय/फार्म रहेको ठेगानाः जिल्लाः गाउँपालिकाः

वडा नं.: टोलः

उद्देश्यः

वार्षिक आम्दानीः

सम्पर्क नं.:

प्यान नं.:

(अन्य निकायमा दर्ता भएको छ भने)

निकायः

दर्ता नः दर्ता मितिः

.............................. .................... ......................

संचालक/व्यवसायीको सही तयार गर्नेको सही स्वीकृत गर्नेको सही

गुन बहादुर थापा

अध्यक्ष

पूर्वखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पूर्वखोला, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

नवीकरण सम्बन्धी विवरण

फार्मको नामः

ठेगानाः

| नवीकरण मिति | असुल आ.व. | रसिद नं./मिति | प्रमाण पत्रको मान्य अवधि | नवीकरण गर्ने अधिकारीको | |
|---|---|---|---|---|---|
| | | | | दस्तखत | कार्यालयको छाप |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

नोटः प्रत्येक १/१ वर्षमा फार्म नवीकरण गर्नु पर्नेछ।

अध्यक्ष

गाउँकार्यपालिकाबाट पारित मितिः२०८२/०७/२३

प्रमाणीकरण गर्नेःनुन बहादुर थापा, अध्यक्ष

प्रकाशित मितिः२०८२/०८/०३

आज्ञाले

राजु नेपाल

प्रमुख प्रशासकीय अधिकृत

नुन बहादुर थापा
अध्यक्ष